संवत् २०७७ सालको ऐन नं. ३-६

## स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ मा समसामायिक सुधार गर्न वाञ्छनिय भएकोले,

; प्रदेश नं ५ को प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७७" हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ को उपदफा (२) मा संशोधन: स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी उपदफा (२) मा रहेका "र अनुसूची" भन्ने शब्दहरु झिकिएका छन्।

३. मूल ऐनमा दफा १४ क. थप गर्ने: मूल ऐनको दफा १४ पछि देहायको दफा १४ क. थप गरिएको छ:-

"१४ क. अनुसूची हेरफेर गर्न सक्ने: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम पाइरहेको सुविधामा मर्का नपर्ने गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।"

४. मूल ऐनको अनुसूचीमा संशोधन: (१) मूल ऐनको अनुसूचीको खण्ड (क) को गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने



सभामुख

सुविधाको क्रम संख्या ८) को खानेपानी तथा सरसफाई सुविधा वापत: वडाध्यक्षको कोलममा भएको "२०००" भन्ने अङ्क झिकिएको छ।

(२) मूल ऐनको अनुसूचीको खण्ड (क) को गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ९)को मर्मत संभार र विद्युत \उर्जा खर्च सुविधा वापत वडाध्यक्षको कोलममा भएको "२०००" भन्ने अङ्क झिकिएको छ ।

(३) मूल ऐनको अनुसूचीको खण्ड (ख)को उपखण्ड (अ) को नगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ८) को खानेपानी तथा सरसफाई सुविधा वापत वडाध्यक्षको कोलममा भएको "५०००" भन्ने अङ्क झिकिएको छ ।

(४) मूल ऐनको अनुसूचीको खण्ड (ख) को उपखण्ड (अ) को नगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ९)मर्मत संभार र विद्युत \उर्जा खर्च सुविधा वापत वडाध्यक्षको कोलममा भएको भएको "५०००" भन्ने अङ्क झिकिएको छ ।

(५) मूल ऐनको अनुसूचीको खण्ड (ख) को उपखण्ड (आ) को महानगरपालिका\उपमहानगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ८) खानेपानी तथा सरसफाई सुविधा वापत वडाध्यक्षको कोलममा भएको "५०००" भन्ने अङ्क झिकिएको छ ।

(६) मूल ऐनको अनुसूचीको खण्ड (ख) को उपखण्ड (आ) को महानगरपालिका\उपमहानगरपालिकाका पदाधिकारी



सभामुख

तथा सदस्यले पाउने सुविधाको क्रम संख्या ९) मर्मत संभार र विद्युत \उर्जा खर्च सुविधा वापत वडाध्यक्षको कोलममा भएको भएको "५०००" भन्ने अङ्क झिकिएको छ ।

प्रदेश सभाको संवत् २०७७ साल असार २२ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम पारित गरेको यो विधेयक अर्थ विधेयक हो भनी संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

पूर्ण बहादुर घर्ती

**सभामुख**

सभामुख

प्रदेश सभा

प्रदेश नं. ५

प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु।

(धर्मनाथ यादव)

मितिः-२०७७/३/२४ प्रदेश प्रमुख